# अध्याय एक

# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

भाषा विचार विनियम गर्ने सशक्त माध्यम हो । भाषा विना मानव समाजको परिकल्पना समेत गर्न सकिँदैन । भाषा मानवीय र सामाजिक वस्तु भएकाले भाषाको प्रयोग मानव समाजमा मात्र गरिन्छ । भाषालाई मानवीय बोली र सम्प्रेषणात्मक व्यवहारका रूपमा लिइन्छ । भाषालाई विकास विस्तार तथा सम्प्रेष्य बनाउन भाषिक सीपहरूको आवश्यकता पर्दछ । भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । जसमध्ये सुनाइ र बोलाइ बोध तथा पढाइ र लेखाइ अभिव्यक्ति सीपअन्तर्गत पर्दछन् । भाषाका यी विविध सीपहरूमध्ये लेखाइ सीपलाई महत्त्वपूर्ण सीप मानिन्छ । भाषिक अभिव्यक्ति बोलाइका माध्यमले पनि गर्न सकिन्छ तर आफ्ना विचार, धारणा, अभिव्यक्तिलाई तथा आफूले सुनेका बोलेका पढेका कुराहरूलाई क्रमबद्ध, व्यवस्थित चिरस्थायी रूपमा राख्न र आवश्यक परेको बेला सम्झनाका लागि लेखाइ सीपको आवश्यकता पर्दछ । लेखाइले अभिव्यक्तिलाई मर्यादित, स्तरीयता, कुशलता प्रदान गर्दछ । यसरी लेखाइ सीप विकास गर्नका लागि विविध क्रियाकलापहरूको आवश्यकता पर्दछ जसमध्ये बुँदाटिपोट पनि लेखाइ सीप अभिवृद्धि गर्ने महत्त्वपूर्ण कार्यकलाप हो ।

कुनै पनि मौखिक लिखित अभिव्यक्तिलाई पढेर वा सुनेर त्यसमा रहेका मुख्य मुख्य कुराहरूलाई बुँदागत रूपमा लेख्ने कार्य बुँदाटिपोट हो । बुँदाटिपोटले लेखनलाई उत्कृष्ट, सरल, सहज बोधगम्य बनाउँछ । कुनै पढेका वा सुनेका कुराहरू छिट्टै विस्मरण भएर जान सक्छन् । त्यसकारण सुनेका, पढेका कुराहरूलाई लामो समयमा स्मरणीय बनाउन र आवश्यक परेको बेला सहज रूपमा उपलब्ध गराउन बुँदाटिपोटको आवश्यकता पर्दछ । बुँदाटिपोट एउटा कला हो । जसमा हाँसले समुद्रको पानीबाट दुध छुट्याएजस्तै मुख्य मुख्य कुराहरू टिपिन्छ । बुँदाटिपोटको अर्थ कृतिमा रहेका मूलभूत कुराहरूको पहिचान गरी सार पूर्ण कुरा टिप्नु हो । बुँदाटिपोट गर्ने कलाले कुनै पनि कृति वा रचनाको सारतत्त्वको पहिचान गर्न सक्ने सीप वा क्षमता विकासमा सघाउँछ । त्यसकारण

बुँदाटिपोटलाई विस्तृत किसिमको अभिव्यक्ति स्मरण गर्न सहज होस् भनेर त्यसको सारभूत कुरा ठम्याउने भाषिक सीपका रूपमा लिइन्छ ।

बुँदाटिपोटमा सङ्कथनका मूलभूत सूचना समावेश हुनुपर्छ । प्रमुख विषयवस्तु छुट्नु हुँदैन् । बुँदाटिपोट शब्द, शब्दसमूह, चिह्न सङ्केत वा अन्य कुनै रूपमा गर्न सकिन्छ र यसरी गरिएको टिपोटलाई न्यूनतम बोधगम्यताका साथ अनुच्छेदको रूप पनि दिन सकिन्छ । बुँदाटिपोट सिलसिलेबार, क्रमबद्ध, स्पष्ट र सङ्क्षिप्त हुनुपर्छ (पौडेल, २०७४ : १००) । बुँदाटिपोट भनेको कुनै टङ्कित मुद्रित वा हस्तलिखित पाठ वा अनुच्छेदलाई बुझेर त्यसका सारभूत कुराहरू टिप्नु हो । बुँदाहरू तोकिएको सङ्ख्यामा टिपिन्छ । बुँदाटिपोट पाठको वास्तविक बोध गर्न मद्दत पुऱ्याउँछ । यसले कृति वा रचनाका मूलभूत र सारपूर्ण कुरा पहिचान गर्ने सीप एवम् दक्षता दिन्छ (शर्मा, २०६३ : १०३) । कुनै महत्त्वपूर्ण विषय छोटो, प्रभावकारी र दीर्घकालीन रूपमा राख्नका लागि बुँदाटिपोट गरिन्छ । आफूले सुनेका पढेका देखेका कुराहरू टिपोट गर्दा लेखन सीपको विकासका साथसाथै स्मरण पनि गराउँछ । त्यसकारण प्रस्तुत अनुसन्धान कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता अध्ययनमा केन्द्रित रहेको छ ।

**समस्याकथन**

प्रस्तुत अनुसन्धान मुख्य गरी निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

(क) कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्रमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु,

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु,

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु,

**अध्ययनको औचित्य र सान्दर्भिकता**

कुनै पनि अनुसन्धान, अध्ययन, खोजकार्य आफैँमा महत्त्वपूर्ण विषय हो । लेखाइ सीपका लागि प्रमुख क्रियाकलापका रूपमा बुँदाटिपोटलाई लिइन्छ । कुनै भाषिक वा लिखित कुराहरू सुनेर वा पढेर त्यसमा भएका मुख्य कुरालाई टिप्ने काम बुँदाटिपोट हो । विद्यार्थीहरूले आफूले पढेका वा सुनेका कुराहरू सबै सम्झन नसक्ने भएकाले मुख्य मुख्य कुराहरूलाई बुँदागत रूपमा टिपोट गर्नाले स्मरणमा सहजता हुन्छ साथै लेखन सीपको पनि विकास गराउँछ ।

अनुसन्धान कार्य आफैँमा जटिल, चुनौतिपूर्ण कार्य हो । अनुसन्धानमा नयाँ कुराको मात्र खोजी नगरी पुराना कुराको पुनरावलोकन वा पुनःव्याख्या गर्ने भएकाले यसको आफ्नै महत्त्व रहेको हुन्छ । कुनै पनि विषयवस्तुको सत्य तथ्य पत्ता लगाउनु नै अनुसन्धानको सान्दर्भिकता हो । बुँदाटिपोटले मौखिक वा लिखित कुराहरूलाई पढेर वा सुनेर तिनमा भएका मुख्य मुख्य कुराहरू टिप्नुलाई जनाउँछ । स्नातकोत्तर तहमा उक्त कक्षा तथा क्षेत्रमा बुदाटिपोटसम्बन्धी अनुसन्धान नभएकाले कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोटसम्बन्धी अध्ययन अनुसन्धान सान्दर्भिक र औचित्यपूर्ण रहेको देखिन्छ ।

**अध्ययनको परिसीमा**

कुनै पनि अनुसन्धानलाई व्यवस्थित, प्रभावकारी, पूर्ण एवम् उद्देश्यअनुरूप अगाडि बढाउनु अनिवार्य भएकाले उक्त शोधलाई परिसीमाङ्कन गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधप्रस्ताव निम्नलिखित रूपमा परिसीमाङ्कन गरिएको छ :

(क) कञ्चनपुर जिल्लाका भीमदत्त नगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ख) कञ्चनपुर जिल्लाका पाँच सामुदायिक विद्यालय र पाँच संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयमा सीमित रहेको छ ।

(ग) लैङ्गिकताका आधारमा ५० छात्र र ५० छात्राको मात्र बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ ।

(घ) प्रस्तुत अध्ययनमा १०० जना विद्यार्थीहरूको परीक्षणबाट प्राप्त तथ्याङ्कलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा मात्र विश्लेषण गरिएको छ ।

**अध्ययनको रूपरेखा**

प्रस्तुत शोधप्रस्तावको रूपरेखा निम्नानुसार रहेको छ :

अध्ययन एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्ययन तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन

अध्याय सात : सारांश निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्नुपूर्व सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, शोधपत्र, पत्रपत्रिका, श्रव्यदृश्य सामग्रीहरूको अध्ययन गरी तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यसले अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै अनुसन्धानकर्तालाई पनि निश्चित गन्तव्य पहिचान गर्न सहज तुल्याउँछ । यसले सम्बन्धित विषयमा त्यसपूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति अध्ययन हुन बाँकी छन् भन्ने कुराको जानकारी गराउँछ । यसरी पूर्वकार्यको समीक्षा गर्दा पुस्तक समीक्षा र शोध समीक्षालाई आधार मानेर निम्नानुसार उल्लेख गरिएको छ :

### पुस्तक समीक्षा

शर्मा (२०६३) द्वारा *शब्दचरना र वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य* शीर्षकको पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकको दोस्रो खण्ड बोध तथा अभिव्यक्ति खण्डमा बुँदाटिपोटको परिचय, परिभाषा, बुँदाछनोटको विधि र प्रक्रिया तथा प्रयोग र नमुना समेत उल्लेख गरिएको छ । उक्त पुस्तकमा बुँदाटिपोटसम्बन्धी सैद्धान्तिक तथा प्रायोगिक दुवै पक्षसम्बन्धी जानकारी दिइएको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा बुँदाटिपोटका विधि तथा प्रक्रियाका सम्बन्धमा सहयोग लिइएको छ ।

पराजुली र श्रेष्ठ (२०६४) द्वारा *अनिवार्य नेपाली* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा तीनओटा खण्ड छुट्याइएका छन् । जसको दोस्रो खण्डमा बुँदाटिपोटको परिचय, बुँदाटिपोट गर्ने तरिका, बुँदाटिपोटको नमुना उल्लेख गरिएको छ । उक्त पुस्तकमा कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिलाई सुनेर वा पढेर त्यसभित्र रहेका मूलभूत कुराहरूलाई बुँदाका रूपमा टिपोट गर्नु बुँदाटिपोट हो भनी भनिएको छ । उक्त पुस्तकमा बुँदाटिपोटमा प्रयोग गरिने क्रियापद असमापिका वा समापिका कुनै पनि हुन सक्छ । जुनसुकै भए तापनि एकरूपता हुनु अनिवार्य छ भनी उल्लेख गरिएको छ ।

उक्त पुस्तक बुँदाटिपोटसम्बन्धी सैद्धान्तिक अवधारणा लिन तथा नमुना छनोट गर्नका लागि सहयोगी रहेको छ ।

भट्टराई (२०७३) द्वारा *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा भाषिक अनुसन्धानको परिचय, परिभाषा, प्रकार, विशेषता, प्रयोजन, नेपालमा भाषिक अनुसन्धानको स्थिति, भाषिक अनुसन्धानका सामान्य तथा विशेष विधिहरू, तथ्याङ्क सङ्कलनका स्रोतहरू जस्ता पक्षमा व्यापक चर्चा गरिएको छ । उक्त पुस्तकबाट अनुसन्धानका लागि आवश्यक पर्ने विधि छनोट गर्न, शोधप्रस्तावका अङ्गहरू निश्चित गर्न, तथ्याङ्कलाई तालिकीकरण रेखाचित्र वृत्तचित्र तथा सूत्र प्रयोग गरी व्याख्या विश्लेषण गर्न सहयोग पुगेको देखिन्छ । उक्त पुस्तक भाषिक अनुसन्धानसम्बन्धी जानकारी लिनका लागि उपयोगी रहेको छ ।

पौडेल (२०७४), द्वारा *नेपाली भाषा शिक्षण* शीर्षकमा पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तक भाषा शिक्षणका लागि निकै उपयोगी मानिएको छ । उक्त पुस्तकमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरूको परिचय, प्रयोजन, प्रकार र कार्यकलाप विस्तृत रूपमा उल्लेख गरिएको छ । जसमा लेखाइ सीपको कार्यकलापअन्तर्गत बुँदाटिपोट पनि रहेको छ । जसमा बुँदाटिपोटको परिचय उल्लेख छ यो शोधकार्यमा सैद्धान्तिक अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

खनिया (२०७५) द्वारा *नेपाली भाषाशिक्षण : सिद्धान्त र प्रयोग* नामक पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत बुँदाटिपोटका बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा कुनै पढिएका अंशबाट वा कसैले बोलेका मुख्य अंश ठम्याई बुँदामा उतार्ने अभ्यास नै बुँदाटिपोट हो भनी उल्लेख गरिएको छ । पढिएका अंशबाट टिपोट गर्ने, तिनलाई क्रमबद्ध गर्ने, पाठ्यांशलाई ढाक्ने गरी क्रमबद्ध गरी शीर्षक चयन गर्ने अभ्यासको चर्चा गरिएको पाइन्छ । त्यसैगरी बुँदाटिपोटले पाठको अंशको मर्म ठम्याउने, त्यसको निचोड निकाल्ने क्षमता विकास हुने कुरा उल्लेख गरेको पाइन्छ । त्यसैले उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । बुँदाटिपोट क्षमता विकास तथा सैद्धान्तिक परिचय निर्माण गर्न यो पुस्तक निकै उपयोगी मानिएको छ ।

**शोधपत्र समीक्षा**

क्षेत्री (२०७२) द्वारा *कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक अध्ययन गर्नु रहेका छन् । यसमा क्षेत्रीय अध्ययन विधिद्वारा तथ्यहरू सङ्कलन गरिएको पाइयो । उक्त शोधको निष्कर्षलाई हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको र छात्राको तुलनामा छात्रको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

पुन (२०७३) द्वारा *रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालय तथा छात्र छात्राका बिच तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त शोधअध्ययनमा क्षेत्रीय अध्ययन विधिका आधारमा १० वटा विद्यालयका १०० जना विद्यार्थीमा अध्ययन गरी शोधकार्य सम्पन्न गरिएको छ । लैङ्गिकताका आधारमा छात्राको तुलनामा छात्रको क्षमता राम्रो रहेको र विद्यालय प्रकृतिका आधरमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको छ । यसलाई अझ राम्रो बनाउनका लागि शिक्षकहरू दक्ष हुनुपर्ने विद्यार्थीहरूको रुचि, चाहना, आवश्यकतालाई ख्याल गरी विद्यार्थीको क्षमता विकास गर्ने कार्यकलाप गराइनुपर्ने शोधले देखाएको छ । बुँदाटिपोट क्षमताको अध्ययनमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ तर कक्षा र अध्ययन क्षेत्रका आधारमा भने उक्त पूर्वकार्य यस शोधकार्यभन्दा भिन्न रहेको छ ।

राई (२०७३) द्वारा *इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक

स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा बुँदाटिपोट क्षमता पत्ता लगाउनु रहेको छ । यसमा क्षेत्रीय अध्ययन विधि प्रयोग गरिएको छ । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको क्षमता राम्रो, पहिलोभाषीभन्दा दोस्रोभाषीको बुँदाटिपोट क्षमता कमजोर र छात्रको तुलनामा छात्राको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । सम्पूर्ण आधारलाई विश्लेषण गर्दा एकरूपमा पाइएन । त्यसकारण शिक्षकले विद्यार्थीको रुचि, इच्छा, चाहना, समस्या पहिचान गरी आवश्यक अभ्यास गराउनुपर्ने देखिन्छ ।

वि.क. (२०७४) द्वारा *प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको समग्र विश्लेषण गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको पाइन्छ । यस शोधकार्यलाई वैध विश्वसनीय बनाउन क्षेत्रीय अध्ययन विधि प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्षमा सामुदायिक विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो र छात्रको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

चन्द (२०७४) द्वारा *बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पत्ता लगाउनु, भाषिक र लैङ्गिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक विश्लेषण गर्नु जस्ता रहेका छन् । उक्त शोधकार्यका लागि स्थलगत अध्ययन विधि प्रयोग गरिएको छ । विद्यालय तथा विद्यार्थी छनोट गर्नका लागि सम्भावनायुक्त नमुना छनोट विधिअन्तर्गत चिट्ठा पद्धति प्रयोग गरिएको छ । उक्त अध्ययनको निष्कर्षमा बाँके जिल्लाका समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

पोखरेल (२०७४) द्वारा *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययन कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता अध्ययन गर्ने प्रयोजनार्थ तयार पारिएको हो ।

उक्त शोधको उद्देश्य झापा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्याथीहरूको बुँदाटिपोट क्षमताको अध्यनय गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु रहेको पाइन्छ । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । प्राथमिक तथा द्वितीय स्रोतका माध्यमले सामग्री सङ्कलन गरिएको छ । उक्त शोधमा दुईओटा सामुदायिक र दुईओटा संस्थागत विद्यालयबाट २५/२५ विद्यार्थीका दरले १०० जना विद्यार्थी नमुनाको रूपमा लिइएको पाइयो ।

दुलाल (२०७५) द्वारा *इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको समग्र अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्यमा विद्यार्थीहरूलाई नै खास केन्द्रविन्दु बनाई नमुना प्रश्नोत्तर विधिबाट अध्ययनलाई अगाडि बढाएको जनाएको छ । उक्त अध्ययनमा ५ वटा संस्थागत र ५ वटा सामुदायिक गरी जम्मा १० वटा विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ । निष्कर्षमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता हेर्दा निम्न स्तर ४० भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८९% रहेकाले समग्र विद्यार्थीको बुँदाटिपोट क्षमता ज्यादै कमजोर रहेको पाइयो । विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यलायका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता केही राम्रो रहेको पाइयो । लैङ्गिकताका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमता कमजोर र छात्राहरूको क्षमता केही राम्रो रहेको पाइयो ।

मरासिनी (२०७५) द्वारा *अर्घाखाँची जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको अर्घाखाँची जिल्लाका कक्षा नौमा अध्ययरनत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा र विद्यालय प्रकृतिका आधारमा बुँदाटिपोट

क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य राखिएका छन् । यस शोधमा क्षेत्रीय विधिलाई मुख्य आधार बनाइएको छ । सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कमजोर रहेको पाइयो । छात्र र छात्राको बुँदाटिपोट क्षमता समान रहेको निष्कर्ष निकालिएको देखिन्छ ।

मादेन (२०७५) द्वारा *धनकुटा जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमता* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य धनकुटा जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु, लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको तुलना गर्नु, भाषिक पृष्ठभूमिका आधारमा बुँदाटिपोट क्षमता पत्ता लगाउनु रहेको छ । यसमा क्षेत्रीय अनुसन्धान विधिको आधारमा सामग्री सङ्कलन गर्ने कार्य गरिएको छ । उक्त अध्ययनको निष्कर्षमा  सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्तर तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको पाइयो भने लैङ्गिकताका आधारमा छात्रभन्दा छात्राहरूको बुँदाटिपोट स्तर राम्रो रहेको तथा छात्रहरूको निम्न स्तर रहेको पाइयो । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा पहिलोभाषी विद्यार्थीभन्दा दोस्रोभाषी विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइन्छ ।

खत्री (२०७६) द्वारा *अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरन विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा तथा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पहिचान गर्नु रहेको छ । उक्त अध्ययनमा मुख्यतः क्षेत्रीय अध्ययन विधिलाई आधार मानिएको छ । १०० जना विद्यार्थीहरू नमुनाको रूपमा छनोट गरी प्राथमिक तथा द्वितीय स्रोतका माध्यमले सामग्री सङ्कलन गरिएको पाइयो । उक्त अध्ययनमा प्राप्ताङ्कलाई आधार मानी ५ श्रेणीमा विभाजन गरिएको छ र त्यसकै आधारमा विद्यार्थीहरूको क्षमता पहिचान गरिएको देखिन्छ । समग्रमा बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएन । विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयभन्दा संस्थागत

विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको भन्दा छात्राहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक पाइयो । यसरी सम्पूर्ण आधार केलाएर हेर्दा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता पाइएन । उक्त अध्ययन प्रस्तुत शोधपत्रका लागि उद्देश्य छनोटमा सहयोगी रहेको पाइयो । बुँदाटिपोट क्षमता र कक्षाका आधारमा प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग सम्बन्धित भए तापनि अध्ययन क्षेत्रका आधारमा भिन्न रहेको छ ।

उपर्युक्त पूर्वकार्यहरूलाई हेर्दा लेखाइ सीपसम्बन्धी अध्ययन अनुसन्धान यसपूर्व पनि भइसकेका पाइन्छन् तर कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन आजसम्म नभएकाले अरू अध्ययनभन्दा यो भिन्न रहेको छ । उक्त पूर्वकार्यहरूले अवधारणा निर्माण, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण, उद्देश्य निर्माण जस्ता कार्यहरूमा सहयोग पुऱ्याएका छन् ।

**सैद्धान्तिक अवधारणा**

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषा मानवीय अभिव्यक्ति सम्प्रेषण गर्ने एक उत्कृष्ट माध्यम हो । हुन त भाषा बाहेक पनि सम्प्रेषणका अन्य माध्यम रहेका छन् । तर भाषालाई विचार विनिमयको सशक्त र प्रभावकारी माध्यमका रूपमा लिइन्छ । भाषालाई सामाजिक वस्तु पनि मानिन्छ । किनभने कुनै पनि भाषा समाजबाटै उत्पत्ति हुन्छ र समाजमा नै त्यसको प्रयोग गरिन्छ । भाषाको प्रयोग, विकास, विस्तार गर्नका लागि विविध भाषिक सीपहरूको आवश्यकता पर्दछ । त्यस्ता भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् । भाषाका यी चार सीपहरू मध्ये बुँदाटिपोट लेखाइ सीपसँग सम्बन्धित महत्त्वपूर्ण कार्यकलाप हो ।

व्यक्तिले पढेका, सुनेका, देखेका वा भोगेका कुराहरूलाइ सुत्रबद्ध रूपमा लेखेर टिपोट गर्नुलाई बुँदाटिपोट भनिन्छ । लिखित, मौखिक विचारलाई सुनेर वा पढेर बोध गर्ने र ती अभिव्यक्तिबाट मुख्य-मुख्य विषयवस्तु वा कुराहरूलाई टिपोट गर्नकालागि बुँदाटिपोटको आवश्यकता पर्दछ । त्यसैगरी भाषालाई जीवन्त, चिरस्थायी बनाउन र भाषालाई स्तरीय बनाउन बुँदाटिपोटले सहयोग पुऱ्याउँछ ।

**बुँदाटिपोटको परिचयः** कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिलाई सुनेर वा पढेर त्यसभित्र रहेका मुलभूत कुराहरूलाई बुँदाका रूपमा टिपोट गर्नु बुँदाटिपोट हो । बुँदाटिपोट गर्ने कलाले कुनै पनि कृति वा रचनाको सारतत्त्वको पहिचान गर्न सक्ने सीप वा क्षमताको विकासमा सघाउ पुऱ्याउँछ । त्यसैले यसलाई विस्तृत किसिमको अभिव्यक्तिलाई स्मरण गर्न सहज होस् भनेर त्यसको सारभूत कुरा ठम्याउने भाषिक सीपका रूपमा लिइन्छ (पराजुली र श्रेष्ठ, २०६४ : १५०) । अतः कुनै विषयमा केन्द्रित भई त्यसबाट आफुलाई मुख्य लागेका बुँदाहरूको टिपोट नै बुँदाटिपोट हो । यो विद्यार्थीहरूको ज्ञान सीपसँग सम्बन्धित रहने भएकाले विद्यार्थीहरू जति माथिल्लो तहमा पुग्दछन् त्यतिनै यसको महत्त्व बढ्दै जान्छ । यसमा थोरैमा धेरै कुराहरू समेटिएका हुन्छन् ।

मानिसका मनमा उठेका विभिन्न भावनाहरू यथासमयमा टिपोट गर्न नसक्दा ती अमुल्य भावनाहरू हराउने वा विस्मृत भएर जाने सम्भावना रहन्छ । त्यसैले विचारको उत्पत्तिलाई साकार रूप दिन समयमै बुँदाटिपोट गर्न आवश्यक हुन्छ । मौखिक अभिव्यक्तिमा रहेका सारभूत कुराहरूलाई सूत्रबद्ध रूपमा टिपोट गर्नुपर्दछ । बुँदाटिपोट भाषिक बोध र अभिव्यक्ति सीपसँग सम्बन्धित कार्यकलाप हो । त्यसकारण कुनैपनि पठित सामाग्रीलाई सहजतापूर्वक बुझ्नका लागि र आवश्यक परेको बेला अभिव्यक्त गर्न बुँदाटिपोटले सहयोग गर्दछ । पढेर मुख्य र गौण कुरा छुट्याउनु, थोरैमा धेरै र धेरैमा आवश्यक कुरा पत्ता लगाई त्यसको सारतत्त्व लिने कार्य नै बुँदाटिपोट हो । बुँदाटिपोट शब्द, शब्द समूह, चिह्न सङ्केत वा अन्य कुनै रूपमा गर्न सकिन्छ । बुँदाटिपोट सिलसिलाबद्ध, क्रमबद्ध, स्पष्ट र संक्षिप्त हुनु पर्छ ।

**बुँदाटिपोटको आवश्यकताः** विद्यार्थीहरूको लेखनकला सीपको विकास गर्नका लागि बुँदाटिपोटको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । बुँदाटिपोट विद्यार्थीमा हुनुपर्ने महत्त्वपूर्ण कलात्मक सीप हो । यसले विद्यार्थीहरूलाई कुनैपनि कुरा लामो समयसम्म स्मरण गर्न सहयोग पुऱ्याउँछ ।

- बुँदाटिपोट कार्यकलापका आवश्यकताहरू निम्नानुसार रहेका छन् :

- लेखनकला र पठनबोध क्षमताको विकास गर्न,
- विषयवस्तुमा रहेका मुख्य र गौण कुरा छुट्याउने अभ्यास गराउन,
- कुनै पाठ वा विषयवस्तुमा भएका मुख्य कुराहरू सम्झन,
- धेरै विषयवस्तुबाट आवश्यक पर्ने र ठोस कुरा मात्र टिपोट गर्न,
- लेखाइ सरल, सहज, स्पष्ट, बोधगम्य, क्रमबद्ध र प्रभावकारी बनाउन,
- कुनै लेख, रचना, पुस्तक लेखनका लागि पुर्वयोजना बनाउन,
- आफुले पढेका, सुनेका कुराहरूको निचोड निकाल्न,
- अनुभव र ज्ञानको विकास विस्तार गर्न आदि ।

**बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू:** पाठ वा अनुच्छेदमा भएका मुख्य मुख्य कुराहरूलाई पत्ता लगाएर तिनलाई बुँदाका रूपमा टिप्नु नै बुँदाटिपोट हो । बुँदाटिपोट गर्दा पहिले अनुच्छेदलाई राम्ररी पढेर खेस्रा बुँदाटिपोट गर्नुपर्दछ र अनि मात्र साफीलेखन गर्नु उपयुक्त मानिन्छ । लेखन कला विकास गर्नका लागि बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार रहेका छन् :

- दिइएको अनुच्छेद राम्ररी नबुझ्ेसम्म पटक पटक पढ्नुपर्ने,
- मुख्य मुख्य कुरा ठम्याएर तिनलाई रेखाङ्कन गर्दै जाने,
- रेखाङ्कित वाक्यका आधारमा खेस्रा बुँदा बनाउने,
- निश्चित सङ्ख्यामा बुँदाहरूलाई साफी लेखन गर्ने,
- अनुच्छेदमा रहेका मुख्य भाव तथा विचार छुट्न नहुने,
- साफी लेखन गर्दा वाक्य गठनमा मौलिकता हुनुपर्ने
- साफी लेखन गर्दा क्रमबद्धता, शुद्धता र स्पष्टतामा विशेष ध्यान दिनुपर्ने,
- कुनै मूल कुरा छुटेको छ कि भनी मूल पाठ वा खेस्रा बुँदासँग जुधाउनु पर्ने,

- बुँदाहरूको साफी लेखन गर्ने,
- आवश्यक भए उपयुक्त शीर्षक दिनुपर्ने आदि ।

**बुँदाटिपोट र लेखाइ सीपको सम्बन्धः** भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी चारवटा भाषिक सीपहरू रहेका छन् । यिनलाई भाषिक सीप भन्ने गरिन्छ । अभ्यासद्वारा प्राप्त हुने भाषिक क्रियाकलापलाई भाषिक सीप भनिन्छ । बुँदाटिपोट पनि भाषिक सीपमा लेखन सीप अन्तर्गत पर्ने एउटा कार्यकलाप हो । भाषाका चारवटा भाषिक सीपहरू मध्ये लेखाइ सीपलाई महत्त्वपूर्ण सीपका रूपमा लिइन्छ । भाषालाई जीवन्त चिरस्थायी बनाउन लेखाइ सीपको महत्त्वपूर्ण भूमिका रहन्छ । आफुले देखेका, सुनेका, अनुभव गरेका, पढेका कुराहरूलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्ने कार्य लेखाइबाट मात्र सम्भव रहन्छ । कुनै कुरा युगौंयुगसम्म रहिरहने प्रभावकारी माध्यम लेखाइ हो ।

लेखाइ आफ्नो ज्ञान, सीप, अनुभव अभिव्यक्त गर्ने उत्कृष्ट माध्यम हो । हुन त बोलाइ सीपका माध्यमले पनि आफ्नो ज्ञान, सीप अभिव्यक्त गर्न सकिन्छ तर लेखाइद्वारा व्यक्त विषयवस्तु दिगो, चिरस्थायी, उत्कृष्ट र प्रभावकारी मानिन्छ । कथ्य भन्दा लेख्य सामाग्रीलाई स्तरीय, व्यवस्थित र परिष्कृत मानिन्छ । यसरी लेखाइ सीपको माध्यमबाट विचार, भावना, अनुभव र ज्ञानको अभिव्यक्तिमात्र नभई ती अनुभवहरूको बोध गरी ज्ञानको प्रचार प्रसार एवं सम्बर्द्धन गर्ने कार्य समेत गरिन्छ ।

आफ्नो अभिव्यक्तिलाई लिपिबद्ध ढङ्गले व्यक्त गर्ने कार्य लेखाइ हो । दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न, कुनै प्रसङ्गमा भएका विचारलाई दीर्घकालसम्म सञ्चित गरेर राख्न र सिर्जनात्मक प्रतिभाको विकास गर्न समेत लेखाइ सीपको आवश्यकता पर्दछ । यसरी लेखाइ सीपका माध्यमबाट आफ्ना अभिव्यक्ति अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई स्मरणमा राखि राख्न र भविष्यमा आवश्यक परेको बेला उपयोगी बनाउन लेखन कलाले मद्दत गर्ने भएकाले बुँदाटिपोट गर्दा लेखाइ सीप सम्बन्धित रहेको पाइन्छ । बुँदाटिपोटका माध्यमले आफुले सिकेको ज्ञान, सीप युगौंसम्म सुरक्षित राख्न सकिन्छ । यसरी बुँदाटिपोट गर्दा प्रभावकारी, क्रमबद्ध, सिलसिलाबद्ध र संक्षिप्त रूपमा लेखन सीपको विकास हुने भएकाले यी दुई एक आपसमा सम्बन्धित रहन्छन ।

**बुँदाटिपोट शिक्षणका कार्यकलापः** कुनै पनि लिखित विषयवस्तुमा रहेको मुख्य कुरालाई नछुटाइकन बुँदागत रूपमा टिपोट गर्नु नै बुँदाटिपोट हो । यसले विशेष सूचना पाठको महत्त्वपूर्ण अंश, पाठको सारलाई बुझाउँछ । अर्थात् पाठमा रहेका मूलभूत सारपूर्ण कुराहरूलाई स्पष्ट र क्रमबद्ध रूपमा लेख्ने कार्यलाई नै बुँदाटिपोट भनिन्छ । भाषिक सीपको विकास गर्नका लागि विविध कार्यकलाप गर्नुपर्दछ । जसमध्ये बुँदाटिपोट लेखाइ सीपको महत्त्वपूर्ण कार्यकलाप अन्तर्गत पर्दछ । त्यसैगरी विद्यार्थीहरूको लेखाइ क्षमता विकास गर्न र लेखनलाई परिष्कृत बनाउनका लागि बुँदाटिपोट शिक्षण अत्यावश्यक मानिन्छ ।

बुँदाटिपोट शिक्षणका पनि कार्यकलाप रहेका हुन्छन् । बुँदाटिपोट शिक्षणका कार्यकलाप निम्नानुसार रहेका छन् :

- सर्वप्रथम विद्यार्थीहरूलाई बुँदा टिप्नुपर्ने पाठ राम्ररी अभिप्राय नबुझुन्जेल दोहोऱ्याइ, तेहऱ्याई पढ्न लगाउने,
- शिक्षकले पनि बुँदाटिपोटका लागि उक्त पाठ पढेर विद्यार्थीहरूलाई बुझाउने,
- त्यसपछि विद्यार्थीहरूलाई उक्त अनुच्छेदमा महत्त्वपूर्ण लागेका अंशलाई रेखाङ्कित गर्न लगाउने,
- रेखाङ्कित अंशबाट महत्त्वपूर्ण लागेका कुराहरूलाई खेस्रा बुँदाका रूपमा टिपोट गर्न लगाउने,
- एकपल्ट टिपोट गरिएका बुँदाहरूमा केही छुटेको छ कि भनी पुनः पाठसँग जुधाउन लगाउने र महत्त्वपूर्ण कुरा छुटेको भए थप्न लगाउने ।
- प्रश्नले माग गरेभन्दा धेरै बुँदाहरू भएमा विद्यार्थीहरूलाई एक आपसमा मिल्दा बुँदाहरूलाई एउटैमा समायोजन गर्न लगाउने,
- त्यसपछि ती बुँदाहरूलाई शुद्ध, सरल, स्पष्ट र क्रमबद्ध रूपमा साफी लेखन गर्न लगाउने ।
- आवश्यक भए सुहाउँदो शीर्षक दिन लगाउने,

- उक्त बुँदाहरू शिक्षकले जाँची पाठमा भएको कुनै महत्त्वपूर्ण अंश छुट्न गएमा त्यसलाई थप्न लगाउने, आदि ।

**बुँदा परीक्षणका आधारहरू:** कुनै पनि विषयवस्तुलाई बुँदागत रूपमा लेख्नु, त्यसभित्रको मुख्य मुख्य कुरालाई टिपोट गर्नु र ठोष कुरा पत्ता लगाई बुँदागत रूपमा सिलसिला मिलाई अर्थ स्पष्ट हुने गरी लेख्नु बुँदाटिपोट हो । यसले पाठको महत्त्वपूर्ण अंशलाई जनाउँछ । यसरी टिपोट गरिएका बुँदाहरूलाई सही ढंगले परीक्षण गरी अङ्कन गर्न सक्नु पनि एउटा महत्त्वपूर्ण कार्य हो । परीक्षा सञ्चालन पश्चात टिपोट गरिएका बुँदाहरूलाई शुद्धता, क्रमबद्धता, मूलभाव, मौलिकता, स्पष्टता, लेखनसीप आदि विविध आधारमा परीक्षण गर्नुपर्ने हुन्छ । विद्यार्थीहरूलाई यी आधारमा निश्चित अङ्क प्रदान गरी ती अङ्कहरूलाई श्रेणीकरण गरी स्तर निर्धारण गरिन्छ । उक्त प्राप्ताङ्कलाई ८० प्रतिशत भन्दा माथी अतिउच्च, ६०–७९ प्रतिशत उत्तम, ४०–५९ प्रतिशत मध्यम र ०–३९ प्रतिशत अङ्क ल्याउने विद्यार्थीलाई निम्न श्रेणी गरी छुट्याइन्छ । यसरी टिपोट गरिएका बुँदाहरूलाई उल्लेखित आधारहरू छुट्याएर परीक्षण गर्दा परीक्षण विश्वसनीय, बैध एवं निष्पक्ष हुने देखिन्छ ।

**निष्कर्ष:** बुँदाटिपोट विद्यार्थीहरूका लागि अत्यावश्यक कलात्मक सीप हो । यसले विद्यार्थीहरूको लेखनमा स्पष्टता, क्रमबद्धता, सूत्रात्मकता, संक्षिप्तता र तर्कपूर्णता ल्याउने बानीको विकास गर्दछ । बुँदाटिपोट लेखन व्यापक र विस्तृत विचारलाई त्यसको मूलभाव सहित प्रस्तुत गर्ने शैली हो । यसमा मूल पाठमा भएका अनावश्यक कुराहरू हटाई आवश्यक वा मुख्य अंशलाई नछोडी अर्थपूर्ण तरिकाले प्रस्तुत गरिन्छ । कुनै विषयवस्तुको मूल अंशका मुख्य सार पत्ता लगाउन, धेरैलाई थोरै बनाउन र मूल अर्थ बोध गर्न बुँदाटिपोट प्रक्रिया अपनाइन्छ । पाठमा रहेका मुख्य कुरा बोध गर्न, लेखन कला र पठनबोध क्षमताको विकास गर्न, सारतत्त्व पहिचान गर्न र लेखाइलाई क्रमबद्ध, व्यवस्थित, स्पष्ट बनाउन बुँदाटिपोटको आवश्यकता पर्दछ ।

# अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्रतिनिधि नमुना छनोट गरी दशओटा विद्यालयको अध्ययन गरिएको छ । विद्यार्थीहरूसँगको प्रत्यक्ष सहभागितामा बुँदाटिपोट कार्य गराई उक्त कार्यबाट आएको परिणामको आधारमा तुलनात्मक छलफल गरी स्तर पहिचान गरिएको छ । साथै आवश्यक परेको खण्डमा विद्यालय शिक्षक तथा सम्बन्धित विषय शिक्षकसँग सल्लाह सुझाव लिएर यो अनुसन्धान सम्पन्न गरिएको छ ।

### अध्ययनको ढाँचा

प्रस्तुत अनुसन्धान क्षेत्रीय अध्ययन विधिको आधारमा निम्नानुसार विधि तथा सामग्री सङ्कलन गर्ने कार्य गरिएको छ । कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको जनसङ्ख्या प्रतिनिधि नमुना छनोटमा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको प्रत्यक्ष सहभागितामा बुँदाटिपोट लेखन कार्य गराई उक्त कार्यबाट आएको परिणामको आवश्यकता अनुरूप व्याख्या तथा तुलनात्मक विश्लेषण गरी क्षमता पहिचान गरिएको छ ।

### जनसङ्ख्या पहिचान

प्रस्तुत अध्ययन अनुसन्धानमा कञ्चनपुर जिल्लाका वि.सं. २०७६ सालमा भीमदत्त नगरपालिकाअन्तर्गतका विद्यालयहरूमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### प्रतिनिधि नमुना छनोट प्रक्रिया

यस शोधका लागि आवश्यक सामग्री सङ्कलन गर्न नमुना जनसङ्ख्याको रूपमा कञ्चनपुर जिल्लाका भीमदत्त नगरपालिका स्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई लिइएको छ । ती छनोटमा परेका १० वटा विद्यालयका १०/१० जनामा ५ छात्र ५ छात्रालाई सम्भावनायुक्त नमुना छनोट विधिको चिठ्ठा प्रणालीको प्रयोग गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोट रूपमा लिइएको छ ।

**तथ्याङ्क सङ्कलनका स्रोतहरू**

प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी सामग्री सङ्कलनका दुई माध्यम रहेका छन् । यो अनुसन्धान विद्यार्थीहरूको लेखाइ सीपसँग सम्बन्धित भएकाले विद्यार्थीको लेखन क्षमता पहिचान गर्नका लागि सम्बन्धित क्षेत्रमा गई लेखन सीपको परीक्षण गरी तथ्य सङ्कलन गरिएको छ ।

**प्राथमिक स्रोतः** यस अध्ययनमा कञ्चनपुर जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क राखी विद्यार्थीहरूलाई दिइएको अनुच्छेदबाट बुँदाटिपोट लेखन गर्न लगाइएको छ । उक्त लेखनबाट प्राप्त तथ्याङ्क नै यस अध्ययनको प्राथमिक स्रोत रहेको छ ।

**द्वितीयक स्रोतः** यस अध्ययनको तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषयमा भएका शोधकार्यहरू, पाठ्यपुस्तकहरू र शोधपुस्तकहरूलाई लिइएको छ ।

**सामग्री निर्माण**

प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा कक्षा आठको नेपाली पाठ्यपुस्तकको साहित्यकार रवीन्द्रनाथ ठाकुर शीर्षकको जीवनीबाट नमुना अनुच्छेद छनोट गरी सामग्री निर्माण गरिएको छ । उक्त अनुच्छेदलाई प्रश्नपत्रको ढाँचामा तयार पारी बुँदाटिपोटका लागि विद्यार्थीहरूमा परीक्षण गरिएको छ ।

**सामग्रीको कार्यान्वयन**

प्रस्तुत अध्ययनका लागि प्रश्नपत्र निर्माण गरिसकेपछि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयमा गई सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा विषय शिक्षकको अनुमतिद्वारा सम्भावनायुक्त नमुना छनोटको चिठ्ठा प्रणालीको प्रयोग गरी कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये ५ छात्र र ५ छात्रा गरी जम्मा १० जना विद्यार्थीका दरले प्रत्येक विद्यालयबाट १०० जना विद्यार्थीहरूको नमुना छनोट गरिएको छ । उक्त छनोटमा परेका विद्यार्थीहरूलाई निर्मित प्रश्नपत्रका माध्यमले परीक्षा सञ्चालन गराई उक्त प्रश्नपत्र कार्यान्वयनमा ल्याइएको छ ।

**तथ्याङ्कको व्याख्या विश्लेषण**

प्रस्तुत अध्ययनको शीर्षक लेखाइ सीप विकाससँग सम्बन्धित कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले बुँदाटिपोट क्षमता पहिचान गर्ने भएकाले सम्बन्धित विद्यालयबाट प्रतिनिधि नमुना छनोट गरी निश्चित समय सीमामा निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न प्रेरित गरिएको छ । उक्त टिपिएका बुँदाहरूलाई भाषिक शुद्धता, क्रमबद्धता, मूलभाव र मौलिकताका आधारमा अङ्क प्रदान गरिएको छ । प्राप्त अङ्कलाई ८०% भन्दा माथि अतिउत्तम, ६०-७९% उत्तम, ४०-५९% मध्यम र ०-३९% अङ्क ल्याउनेलाई निम्न श्रेणी गरी अङ्क निर्धारण गरिएको छ ।

उक्त तथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुराहरूलाई आधार मानिएको छ । समग्रताको आधारमा पनि विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । विद्यालय प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालय र लैङ्गिकताका आधारमा छात्र छात्राको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कको प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा व्याख्या विश्लेषण गरी त्यसलाई तालिकीकरण, रेखाचित्र, वृत्तचित्रद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनलाई सरल र स्पष्ट बनाउनका लागि निम्नलिखित साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरिएको छ :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्न तथा स्पष्ट बनाउनका लागि माथि दिइएका सूत्रहरूको प्रयोग गरिएको छ । उक्त सूत्रहरूमा प्रतिशत निकाल्ने सूत्रका माध्यमले समग्र विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तालिकामा प्रस्तुत गरिएको छ । त्यसैगरी विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको र लैङ्गिकताका आधारमा छात्र तथा छात्राले प्राप्त गरेको प्राप्ताङ्कलाई पनि प्रतिशतमा रूपान्तरण गरी तालिकाद्वारा देखाइएको छ । त्यस्तै विद्यार्थीहरूको प्राप्ताङ्कलाई मध्यमान निकाल्ने सूत्रको प्रयोग गरी समग्र प्राप्ताङ्कको मध्यमान निकालिएको छ । त्यसरी नै मानक विचलनको सूत्रका माध्यमले समग्र विद्यार्थीहरूको प्राप्ताङ्कको मानक विचलन निकालिएको छ । उक्त सूत्रहरूका माध्यमले विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको प्रतिशत, मध्यमान, मानक विचलन निकाली तालिका, स्तम्भचित्र तथा वृत्तचित्रमा प्रस्तुत गरिएको छ । समग्रमा उक्त सूत्रहरूका माध्यमले विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको तुलना गरी विद्यार्थीहरूलाई निम्न, मध्यम, उत्तम र अति उत्तम श्रेणी गरी श्रेणीकरण गरिएको छ ।

## अध्याय चार

## समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ। उक्त जिल्लाका ५ वटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयमा अध्ययनरत ५ छात्र र ५ छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ। यसमा प्रत्येक विद्यार्थीलाई अनुच्छेद दिई बुँदाटिपोट गर्न लगाई सामग्री सङ्कलन गरिएको छ। उक्त उत्तरपुस्तिकालाई परीक्षण गर्दा उत्तर सङ्कलन गरी भाषिक शुद्धतामा ५ (पाँच) अङ्क, मूलभावमा १० (दश) अङ्क, मौलिकतामा ५ (पाँच) अङ्क र क्रमबद्धतामा ५ (पाँच) अङ्क प्रदान गरिएको छ र विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई ४ श्रेणीमा विभाजन गरी जसमा ०-३९% ल्याउने निम्न, ४०-५९% ल्याउने मध्यम, ६०-७९% ल्याउने उत्तम र ८० भन्दा माथि ल्याउने अति उत्तम गरी छुट्याई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा छलफल तथा विश्लेषण गरिएको छ।

यस अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई बुँदाटिपोट क्षमताका आधारमा मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा विद्यार्थीको मूल्याङ्कन गरिएको छ। प्रतिशतका आधारमा मूल्याङ्कन गर्दा ४ वटा श्रेणीमा विभाजन गरिएको छ। मध्यमानका आधारमा मूल्याङ्कन गर्दा मध्यमानभन्दा कम र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकाली मानक विचलनका आधारमा बुँदाटिपोट क्षमताको स्थिति विश्लेषण गरिएको छ।

प्रस्तुत अध्यायमा प्राप्त भएको तथ्याङ्कलाई विद्यालयको समग्रताका आधारमा शीर्षक राखी प्रतिशत, मध्यमान, मानक विचलन, रेखाचित्र, वृत्तचित्रका माध्यमले निम्नानुसार प्रस्तुत गरिएको छ।

**समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :


तालिका १

*प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति*

| विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४८ | ४८ | ३५ | ३५ | १४ | १४ | ३ | ३ |

माथि दिइएको तालिकामा कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत गरी १० जना विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाएको छ । जसका आधारमा निम्न अङ्क (०-३९%) ल्याउने विद्यार्थी सङ्ख्या ४८ जना र प्रतिशत ४८ रहेको छ । मध्यम अङ्क (४०-५९%) ल्याउने विद्यार्थी सङ्ख्या ३५ जना र प्रतिशत ३५ रहेको छ भने उत्तम अङ्क (६०-७९%) ल्याउने विद्यार्थी सङ्ख्या १४ जना र प्रतिशत १४ रहेको छ । त्यसैगरी अतिउत्तम अङ्क (८० भन्दा माथि) ल्याउने विद्यार्थी सङ्ख्या ३ जना र प्रतिशत ३ रहेको छ ।

माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबैभन्दा तल्लो श्रेणीमा ४८ प्रतिशत रहेको छ भने माथिल्लो श्रेणीमा ३ प्रतिशत रहेको छ । त्यसैगरी मध्यम र उत्तम श्रेणीमा क्रमशः ३५ र १४ प्रतिशत रहेको पाइयो । समग्रमा कञ्चनपुर जिल्लाका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न स्तरको रहेको पाइयो र सामुदायिक र संस्थागत विद्यालयको पठनपाठनमा एकरूपता नभएको पाइयो ।




*चित्र १*

समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तम्भचित्र

माथि दिइएको स्तम्भचित्रमा कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमताको स्थिति देखाइएको छ। यसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई चारवटा श्रेणीमा विभाजित गरिएको छ। जसमा निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४८ र ४८ प्रतिशत रहेका छन्। त्यस्तै मध्यम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३५ र प्रतिशत ३५ रहेको छ। त्यसैगरी उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ र प्रतिशत १४ रहेको र अतिउत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ३ रहेको छ।

यसरी माथिको नतिजाको आधारमा विश्लेषण गर्दा कञ्चनपुर जिल्लाका आठ कक्षाका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न स्तरको रहेको मानिन्छ। उक्त तथ्याङ्कअनुसार सबैभन्दा निम्न अङ्क प्राप्त गर्ने ४८ प्रतिशत र सबैभन्दा उत्तम अङ्क प्राप्त गर्ने ३ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्यम अङ्क प्राप्त गर्ने ३५ र उत्तम

अङ्क प्राप्त गर्ने १४ जना रहेका पाइन्छन् । प्रस्तुत नतिजालाई विश्लेषण गरेर हेर्दा कञ्चनपुर जिल्लाको बुँदाटिपोट क्षमताको स्थिति निम्न रहेको पाइन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २

*मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १९.६५ | ८.८९ | ५२ | ५२ | ४८ | ४८ |

माथिको तालिकाअनुसार कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १९.६५ रहेको पाइन्छ भने मानक विचलन ८.८९ रहेको पाइन्छ । समग्र विद्यार्थीहरूको मध्यमानलाई आधार मानी हेर्दा जम्मा १०० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा बढी बुँदाटिपोट क्षमता रहेका विद्यार्थी सङ्ख्या ५२ जना र मध्यमानभन्दा कम बुँदाटिपोट क्षमता रहेका विद्यार्थी सङ्ख्या ४८ जना रहेको पाइन्छ । यसरी मध्यमानभन्दा बढी प्रतिशत ल्याउने ५२ प्रतिशत विद्यार्थी र कम प्रतिशत ४८ रहेको छ । यसरी मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या मध्यमानभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्याभन्दा ४ प्रतिशतले बढी देखिएकाले समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न रहेको पाइयो । यसरी समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्न रहेको पाइन्छ ।




*चित्र २*

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको वृत्तचित्र

माथि दिइएको वृत्तचित्रमा कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्याको प्रतिशताङ्क देखाइएको छ। उक्त चित्रअनुसार मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५२ जना र प्रतिशत ५२ रहेको छ। त्यसैगरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४८ जना र प्रतिशत ४८ रहेको छ। उक्त चित्रअनुसार मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीभन्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बिच ४ प्रतिशतले भिन्नता देखिएको छ। यसरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ प्रतिशतले कम रहेका छन्। उक्त तथ्याङ्कका आधारमा हेर्दा कञ्चनपुर जिल्लाका समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न रहेको देखिन्छ।

# अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत गरी कञ्चनपुर जिल्लाका १० वटा विद्यालयलाई आधार बनाइएको छ। यसमा ५ वटा सामुदायिक विद्यालयबाट ५०  जना र ५ वटा संस्थागत विद्यालयबाट ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोटका रूपमा लिइएको छ। यस अध्यायमा कञ्चनपुर जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत ५ छात्र र ५ छात्रा गरी १०/१० जनाका दरले ५०/५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ। उक्त संस्थागत र सामुदायिक विद्यालयबाट प्राप्त तथ्याङ्कलाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ।

### सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

यस अध्ययनमा कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ। जसमा सामुदायिक विद्यालयमा अध्ययनरत छात्र ५ र छात्रा ५ गरी १०/१० जनाका दरले ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ।

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति** : प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता अध्ययनको तथ्याङ्कलाई निम्नानुसार देखाइएको छ :


तालिका ३

*प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २७ | ५४ | १६ | ३२ | ६ | १२ | १ | २ |

माथि दिइएको तालिकाअनुसार कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको सामुदायिक विद्यालयका आधारमा बुँदाटिपोट क्षमताको चारओटा श्रेणीमा विभाजन गरिएको छ। जसका आधारमा निम्न अङ्क (०-३९%) ल्याउने विद्यार्थी सङ्ख्या २७ जना र प्रतिशत ५४ रहेको छ। त्यसैगरी मध्यम अङ्क (४०-५९%) ल्याउने विद्यार्थी सङ्ख्या १६ र प्रतिशत ३२ रहेको छ भने उत्तम अङ्क (६०-७९%) अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ जना र प्रतिशत १२ रहेको छ। त्यसैगरी अतिउत्तम अङ्क (८० भन्दा माथि) ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत २ रहेकोछ।

यसरी माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना मात्र र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ रहेको पाइन्छ। उक्त तथ्याङ्कका आधारमा सबैभन्दा बढी अङ्क २ प्रतिशत विद्यार्थीले र सबैभन्दा कम अङ्क ५४ प्रतिशत विद्यार्थीले ल्याएको पाइयो। त्यसैगरी ३२ प्रतिशतले मध्यम अङ्क र १२ प्रतिशतले उत्तम अङ्क ल्याएको पाइयो। उक्त आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्न रहेको पाइन्छ।




*चित्र ३*

सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तम्भचित्र


प्रस्तुत स्तम्भचित्र कञ्चनपुर जिल्लाका सामुदायिक विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति देखाइएको छ । यसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई चारवटा श्रेणीमा विभाजन गरिएको छ । जसमा निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ जना र ५४ प्रतिशत रहेको छ भने मध्यम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ जना र ३२ प्रतिशत रहेको छ । त्यसैगरी उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ जना र १२ प्रतिशत रहेको छ भने उच्चतम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना र २ प्रतिशत रहेको पाइन्छ । यसरी कञ्चनपुर जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूमा २७ जनाले (५४%) निम्न अङ्क ल्याएका छन् भने १ जनाले (२%) मात्र उच्चतम अङ्क ल्याएको पाइन्छ । जसका आधारमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता न्यून रहेको मानिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपाट क्षमताको स्थिति :** सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोटको स्थितिलाई तलको तालिका एवम् वृत्तचित्रद्वारा प्रस्तुत गरिएको छ :

तालिका नं. ४

*मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १८.०८ | ८.७६ | २३ | ४६ | २७ | ५४ |




*चित्र ४*

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको वृत्तचित्र

प्रस्तुत तालिका र वृत्तचित्रमा दिइएको तथ्याङ्क अनुसार कञ्चनपुर जिल्लाका सामुदायिक विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान १८.०८ रहेको छ भने मानक विचलन ८.७६ रहेको छ। मध्यमानलाई आधार मानी हेर्दा जम्मा ५० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा कम क्षमता भएका २७ जना (५४ प्रतिशत) र मध्यमानभन्दा बढी क्षमता भएका २३ जना (४६ प्रतिशत) रहेको पाइन्छ। यस तथ्याङ्कलाई हेर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) ले बढी रहेको छ। यसरी हेर्दा कञ्चनपुर जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यमान भन्दा धेरै कम रहेको पाइन्छ। त्यस्तै मानक विचलन पनि ८.७६ रहेकाले यस दृष्टिले पनि उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्न रहेको पाइँदैन।

**संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

यस अध्ययनमा कञ्चनपुर जिल्लाका ५ वटा संस्थागत विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ। जसमा संस्थागत विद्यालयमा अध्ययनरत छात्र ५ र छात्रा ५ गरी १०/१० जनाका दरले ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ।

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिः** प्रस्तुत प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता अध्ययनको तथ्याङ्कलाई निम्नानुसार देखाइएको छ :


तालिका ५

*प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २१ | ४२ | १९ | ३८ | ८ | १६ | २ | ४ |

प्रस्तुत तालिकामा दिइएको तथ्याङ्क अनुसार ३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ (४२ प्रतिशत), ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ जना (३८ प्रतिशत) रहेको छ। त्यसैगरी ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ जना (१६ प्रतिशत) रहेको छ भने ८०-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ जना (४ प्रतिशत) रहेको पाइन्छ।

यस तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ रहेको पाइन्छ। त्यसैगरी मध्यम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ जना र उत्तम अङ्क ल्याउने ८ जना रहेको पाइन्छ। मध्यम श्रेणी (४०-५९%) सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ जना रहेका छन् भने मध्यम श्रेणीभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २१ जना रहेका देखिन्छन्। त्यस्तै मध्यम श्रेणीभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १० जना रहेको देखिन्छ। उक्त मध्यम श्रेणी ४०-५९ प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सोभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्याभन्दा ११ जनाले उच्च रहेको देखिन्छ। जसका आधारमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम रहेको देखिन्छ।




*चित्र ५*

संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तम्भचित्र


प्रस्तुत स्तम्भचित्र कञ्चनपुर जिल्लाका संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति देखाइएको छ। यसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई चारवटा श्रेणीमा विभाजन गरिएको छ। जसमा २१ जना विद्यार्थीहरूले निम्न अङ्क, १९ जनाले मध्यम अङ्क, ८ जनाले उत्तम अङ्क र २ जनाले उच्चतम अङ्क ल्याएको पाइन्छ। यसरी कञ्चनपुरका संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये २ जना (४ प्रतिशत) ले सबैभन्दा बढी अङ्क ल्याएका छन् र २१ जना ( ४२ प्रतिशत) विद्यार्थीले सबैभन्दा कम अङ्क ल्याएका छन्। त्यस्तै १९ जना (३८ प्रतिशत) ले मध्यम अङ्क (४०-५९%) ल्याएका छन् र ८ जना १६ प्रतिशतले उत्तम अङ्क ल्याएका छन्। जसअनुसार कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम रहेको छ।

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपाट क्षमताको स्थिति** : सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोटको स्थितिलाई तलको तालिका एवम् वृत्तचित्रद्वारा प्रस्तुत गरिएको छ :

तालिका नं. ६

*मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २१.२२ | ८.७१ | २३ | ४६ | २७ | ५४ |




*चित्र ४*

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तम्भ वृत्तचित्र

माथि दिइएको तालिका र वृत्तचित्रको तथ्याङ्कअनुसार कञ्चनपुर जिल्लाका संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान २१.२२ र मानक विचलन ८.७१ रहेको छ । मध्यमानका आधारमा हेर्दा ५० जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा कम क्षमता भएका २७ जना (५४ प्रतिशत) र मध्यमानभन्दा बढी क्षमता भएका २३ जना (४६%) रहेको पाइयो । जसअनुसार मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या मध्यमानभन्दा कम अङ्क ल्याउने भन्दा ४ जना (८%) ले बढी रहेको र मानक विचलन पनि ८.७१ रहेको पाइन्छ । उक्त आधारमा कञ्चनपुरका संस्थागत विद्यालयका कक्षा आठका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम रहेको पाइयो ।

**सामुदायिक र संस्थागत विद्यालयका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**


यसअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ ।

**प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति:** प्रस्तुत प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिको तथ्याङ्कलाई निम्नानुसार देखाइएको छ :

तालिका नं. ७

*प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक तथ्याङ्क*

| विद्यालयको प्रकृति | विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | २७ | ५४ | १६ | ३२ | ६ | १२ | १ | २ |
| संस्थागत | ५० | २१ | ४२ | १९ | ३८ | ८ | १६ | २ | ४ |




*चित्र ७*

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्तम्भ रेखाचित्र

प्रस्तुत तालिका र स्तम्भ चित्रमा दिइएको तथ्याङ्कअनुसार सामुदायिक विद्यालयतर्फ ३९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २७ जना (५४ प्रतिशत) रहेको पाइन्छ भने संस्थागत विद्यालयतर्फ २१ जना (४२ प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १९ (३८ प्रतिशत) रहेको छ । त्यस्तै ६०-७९ प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ६ जना (१२ प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ८ जना (१६ प्रतिशत) रहेको छ । त्यसैगरी ८०-१०० प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या १ जना (२ प्रतिशत) रहेको छ र संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या २ जना (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कअनुसार विश्लेषण गर्दा निम्नस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ५४ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरू ४२ प्रतिशत रहेका छन् । त्यस्तै मध्यमस्तरको क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू ३२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ३८ प्रतिशत रहेका छन् । त्यसैगरी उत्तम क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू १२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू १६ प्रतिशत रहेका छन् । यसरी उच्चतम क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ ।

यसरी मध्यम श्रेणी ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या सामुदायिक विद्यालयतर्फ १६ जना (३२ प्रतिशत) र संस्थागत विद्यालयतर्फ १९ जना (३८ प्रतिशत) रहेको देखिन्छ । उक्त मध्यम श्रेणीअन्तर्गत सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू ३ जना (६ प्रतिशत) बढीले मध्यम श्रेणीको अङ्क प्राप्त गरेको पाइन्छ । त्यस्तै मध्यम श्रेणी ४०-५९ प्रतिशतभन्दा कम अङ्क ल्याउने सामुदायिक विद्यालयतर्फ २७ जना र संस्थागत विद्यालयतर्फ २१ जना रहेका छन् । यसरी मध्यम श्रेणीभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूमा संस्थागत


विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू ६ जना बढी रहेका छन् भने मध्यम श्रेणीभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू सामुदायिक विद्यालयतर्फ ७ जना र संस्थागततर्फ १० जना रहेका देखिन्छन् । मध्यम श्रेणीभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३ जनाले बढी रहेको छ । तसर्थ सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति** : मध्यमान र मानक विचलनका आधारमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति निम्नानुसार तालिका तथा स्तम्भचित्रका माध्यमद्वारा प्रस्तुत गरिएको छ :

तालिका ८

*मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक तथ्याङ्क*

| विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १८.०८ | ८.७६ | २३ | ४६ | २७ | ५४ |
| संस्थागत | ५० | २१.२२ | ८.७१ | २३ | ४६ | २७ | ५४ |




*चित्र ८*

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक तथ्याङ्कको स्तम्भचित्र

प्रस्तुत तालिका र चित्रमा विद्यालय प्रकृतिका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ। उक्त तथ्याङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान १८.०८ रहेको छ भने मानक विचलन ८.७६ रहेको छ। उक्त सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ जना ४६ प्रतिशत रहेका छन् भने मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २७ जना ५४ प्रतिशत रहेका छन्।

त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा मध्यमान २१.२२ रहेको छ भने मानक विचलन ८.७१ रहेको छ। त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूमा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या पनि २३ जना ४६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ जना ५४ प्रतिशत रहेका पाइन्छन्।

अतः उक्त मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले समान अङ्क प्राप्त गरेका छन् । सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूमा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २३ जना र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २७ जना समान रहेको पाइन्छ । यसर्थ उक्त मध्यमान र मानक विचलनका आधारमा भने कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा खासै अन्तर नरहेको पाइयो ।

# अध्याय छ

## लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा लैङ्गिकताका आधारमा कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न छात्र र छात्रामा विभाजन गरिएको छ। जसमा १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रालाई छनोट गरिएको छ। यसरी छात्र छात्राहरूको छुट्टाछुट्टै बुँदाटिपोट क्षमताको व्याख्या विश्लेषण गरिएको छ र त्यसलाई प्रतिशत, मध्यमान, मानक विचलनका आधारमा समेत व्याख्या विश्लेषण गरी तुलनात्मक अधययन विश्लेषण गरिएको छ।

### छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

यस अध्ययनमा कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र छानिएका छन्।

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिः** प्रस्तुत प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनको तथ्याङ्कलाई निम्नानुसार देखाइएको छ :

तालिका ९


*प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २८ | ५६ | १६ | ३२ | ६ | १२ | ० | ० |

माथिको तालिकामा कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क देखाइएको छ। जसमा प्रतिशतका

आधारमा ४ श्रेणीमा विभाजन गरिएको छ । जसका आधारमा निम्न अङ्क (०-३९%) ल्याउने विद्यार्थी सङ्ख्या २८ जना ५६ प्रतिशत रहेका छन् भने मध्यम अङ्क ल्याउने (४०-५९%) विद्यार्थी सङ्ख्या १६ जना ३२ प्रतिशत रहेका छन् । त्यस्तै ६०-७९ प्रतिशत उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ जना १२ प्रतिशत रहेका छन् र त्यसैगरी अति उत्तम अङ्क (८० भन्दा माथि) ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेका छन् ।

यसरी माथिको नतिजाले विश्लेषण गर्दा निम्न अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या ५६ प्रतिशत रहेका छन् भने मध्यमस्तरको बुँदाटिपोट क्षमता भएका छात्रहरू ३२ प्रतिशत रहेका छन् । त्यस्तै उच्च स्तरको क्षमता भएका छात्रहरू १२ प्रतिशत रहेका र उच्चतम स्तरको क्षमता भएका छात्रहरू शून्य प्रतिशत रहेको पाइन्छ । यसकारण कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्न रहेको पाइन्छ ।




*चित्र ९*

छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तम्भचित्र

प्रस्तुत स्तम्भचित्रमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रहरूको बुँदाटिपोट क्षमताको स्थिति देखाइएको छ । उक्त तथ्याङ्कअनुसार सबैभन्दा निम्न अङ्क


प्राप्त गर्ने छात्र सङ्ख्या ५६ प्रतिशत रहेका छन् भने मध्यम अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या ३२ प्रतिशत रहेका छन् । त्यस्तै उत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १२ प्रतिशत रहेका छन् भने उच्चतम अङ्क प्राप्त गर्ने छात्र सङ्ख्या शून्य प्रतिशत रहेको पाइयो । यसरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या शून्य रहेको र सबैभन्दा न्यून अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ जना (५६%) रहेका छन् । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ज्यादै निम्न रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति :** यस उपशीर्षकमा मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्कलाई तालिका तथा वृत्तचित्रमा प्रस्तुत गरी यसप्रकार व्याख्या विश्लेषण गरिएको छ :

तालिका नं. १०

*मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १८.१६ | ७.७८ | २३ | ४६ | २७ | ५४ |




*चित्र १०*

मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको वृत्तचित्र

प्रस्तुत तालिका तथा वृत्तचित्र अनुसार छात्रहरूको बुँदाटिपोट क्षमताको मध्यमान १८.१६ रहेको छ भने मानक विचलन ७.७८ रहेको छ। मध्यमानलाई आधार मानेर हेर्दा छात्रहरूको बुँदाटिपोट क्षमतामा मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ जना (४६ प्रतिशत) र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ जना (५४ प्रतिशत) रहेको पाइन्छ। यसरी छात्रहरूको बुँदाटिपोट क्षमतामा मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रहरूको सङ्ख्याभन्दा कम अङ्क ल्याउने छात्रहरूको सङ्ख्या ४ जना ( ८ प्रतिशतले) बढी रहेको पाइन्छ। त्यसकारण कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न रहेको पाइन्छ।

**छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्राहरूलाई नमुनाका रूपमा छानिएको छ ।

**प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिः** यसरी छनोटमा परेका छात्राहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्कलाई प्रतिशतका आधारमा तालिका र स्तम्भ चित्रमा निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

तालिका ११


*प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | ४० | १९ | ३८ | ८ | १६ | ३ | ६ |

माथिको तालिकाअनुसार कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत ५० जना छात्राहरूको बुँदाटिपोट क्षमतालाई प्रतिशतका आधारमा ४ वटा श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार निम्न अङ्क (०-३९%) ल्याउने विद्यार्थी सङ्ख्या २० जना ४० प्रतिशत रहेका छन् भने मध्यम अङ्क (४०-५९%) प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १९ जना १८ प्रतिशत रहेका छन् । त्यसैगरी उत्तम अङ्क (६०-७९%) प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८ जना १६ प्रतिशत रहेका छन् भने उच्चतम अङ्क (८० भन्दा माथि) ल्याउने विद्यार्थी सङ्ख्या ३  जना ६ प्रतिशत रहेको पाइन्छ ।

उक्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ प्रतिशत र सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४० प्रतिशत रहेको पाइयो । त्यस्तै ३८ प्रतिशतले मध्यम र १६ प्रतिशतले उत्तम अङ्क ल्याएको पाइन्छ ।

यसरी हेर्दा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति उत्तम रहेको पाइयो ।




*चित्र ११*

छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्तम्भचित्र


माथिको स्तम्भचित्रमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमताको अवस्था देखाइएको छ । उक्त तथ्याङ्क अनुसार सबैभन्दा न्यून अङ्क प्राप्त गर्ने छात्रा सङ्ख्या ४० प्रतिशत रहेका छन् । त्यसैगरी मध्यम अङ्क प्राप्त गर्ने छात्रा सङ्ख्या ३८ प्रतिशत रहेका छन् र उच्च अङ्क प्राप्त गर्ने छात्रा सङ्ख्या १६ प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने छात्रा सङ्ख्या ६ प्रतिशत रहेको पाइन्छ । उक्त तथ्याङ्कअनुसार छात्राहरूको प्राप्ताङ्कलाई ४ श्रेणीमा विभाजन गरी हेर्दा उक्त छात्राहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति :** यसअन्तर्गत कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्राहरूले प्राप्त गरेको अङ्कलाई मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ। उक्त आधारमा छात्राहरूको बुँदाटिपोट क्षमतालाई तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

तालिका नं. १२

*मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २१.७४ | ९.५० | २५ | ५० | २५ | ५० |




*चित्र १२*

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको वृत्तचित्र

माथिको तालिका तथा वृत्तचित्रका आधारमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्राहरूले बुँदाटिपोट क्षमताको मूल्याङ्कनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २१.७४ रहेको छ भने मानक विचलन ९.५० रहेको छ । जसमध्ये मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ जना (५० प्रतिशत) र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ जना (५० प्रतिशत) रहेका छन् । उक्त तथ्याङ्कका आधारमा कञ्चनपुर जिल्लाका कक्षा आठका छात्राहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको पाइयो । यसरी मध्यमानका आधारमा मध्यमानभन्दा तल र माथि बराबर विद्यार्थी सङ्ख्या रहेकाले छात्राहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको पाइन्छ ।

**छात्रछात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**


यसअन्तर्गत छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिका र स्तम्भ रेखाचित्रमा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ ।

**प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिः** छनोटमा परेका छात्राछात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई प्रतिशतका आधारमा तालिका र स्तम्भचित्रमा निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

तालिका नं. १३

*प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक तथ्याङ्क*

| लैङ्गिकता | विद्यार्थी सङ्ख्या | ०-३९% | | ४०-५९% | | ६०-७९% | | ८० भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | २८ | ५६ | १६ | ३२ | ६ | १२ | ० | ० |
| छात्रा | ५० | २० | ४० | १९ | ३८ | ८ | १६ | ३ | ६ |




*चित्र १३*

छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्तम्भ रेखाचित्र

प्रस्तुत तालिका र स्तम्भ रेखाचित्रमा दिइएको तथ्याङ्कअनुसार छात्र र छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरू प्रतिनिधि नमुना छनोटका रूपमा छनोट गरिएका छन् । जसमध्ये ०-३९ प्रतिशतसम्म अङ्क ल्याउने छात्रहरूको सङ्ख्या २८ जना (५६ प्रतिशत) रहेको पाइन्छ भने छात्राहरूको सङ्ख्या २० जना (४० प्रतिशत) रहेको पाइन्छ । त्यस्तै ४०-५९ प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या १६ जना (३२ प्रतिशत) रहेका छन् भने छात्रा विद्यार्थी सङ्ख्या १९ जना (३८ प्रतिशत) रहेका छन् । त्यसैगरी ६०-७९ प्रतिशत अङ्क ल्याउने छात्रहरूको सङ्ख्या ६ जना (१२ प्रतिशत) रहेका छन् भने छात्राहरूको सङ्ख्या ८ जना (१६ प्रतिशत) रहेको छ । त्यसैगरी ८०-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या छात्रहरूमा शून्य प्रतिशत रहेका छन् भने छात्राहरूमा ३ जना (६ प्रतिशत) रहेको पाइन्छ ।

उक्त तथ्याङ्कका आधारमा निम्नस्तरको बुँदाटिपोट क्षमता भएका छात्रहरू ५६ प्रतिशत र छात्राहरू ४० प्रतिशत रहेको पाइयो । त्यस्तै मध्यम स्तरको क्षमता भएका छात्रहरू ३२ प्रतिशत र छात्राहरू ३८ प्रतिशत रहेको पाइयो । त्यसैगरी उच्च स्तरको


क्षमता भएका छात्रहरूमा १२ प्रतिशत र छात्राहरूमा १६ प्रतिशत रहेको पाइयो भने उच्चतम क्षमता भएका छात्रहरूमा शून्य प्रतिशत र छात्राहरूमा ६ प्रतिशत रहेको पाइयो । यस आधारमा छात्रहरूभन्दा छात्राहरूको बुँदाटिपोट क्षमता अतिउत्तम रहेको देखिन्छ । छात्रहरूमा न्यूनस्तर ५६% र छात्राहरूमा ४० प्रतिशत देखियो । त्यस्तै उच्चतम स्तरको क्षमता छात्रहरूमा शून्य र छात्राहरूमा ६ प्रतिशत रहेको देखिन्छ । जसअनुसार छात्रहरूको तुलनामा छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति अतिउत्तम रहेको पाइन्छ । यसकारण कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्दा छात्रभन्दा छात्राहरूको बुँदाटिपोट क्षमता अतिउत्तम रहेको पाइन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा छात्रछात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिः** मध्यमान र मानक विचलनका आधारमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिको विवरण निम्नानुसार तालिका तथा स्तम्भचित्रका माध्यमद्वारा प्रस्तुत गरिएको छ :

तालिका १४

*मध्यमान र मानक विचलनका आधारमा छात्रछात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिको तथ्याङ्क*

| विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १८.१६ | ७.७८ | २३ | ४६ | २७ | ५४ |
| छात्रा | ५० | २१.७४ | ९.५० | २५ | ५० | २५ | ५० |




*चित्र १४*

मध्यमान र मानक विचलनका आधारमा छात्रछात्राहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्तम्भचित्र

प्रस्तुत तालिका र स्तम्भचित्रमा लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूले बुँदाटिपोटमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक स्थिति देखाइएको छ ।

लैङ्गिकताका आधारमा छात्रहरूले प्राप्त गरेको मध्यमान १८.१६ रहेको छ भने मानक विचलन ७.७८ रहेको छ । त्यसैगरी छात्राहरूको मध्यमान २१.७४ रहेको छ भने मानक विचलन ९.५० रहेको छ । तुलनात्मक रूपमा भने छात्रहरूभन्दा छात्राहरूको मध्यमान ३.५८ ले उच्च रहेको छ भने मानक विचलन १.७२ ले उच्च रहेको छ ।

त्यसैगरी मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या २३ जना ४६ प्रतिशत रहेका छन् भने छात्रा विद्यार्थी सङ्ख्या २५ जना ५० प्रतिशत रहेका छन् । तुलनात्मक रूपमा मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्याभन्दा छात्रा विद्यार्थीहरूको सङ्ख्या २ जनाले उच्च रहेको देखिन्छ । त्यस्तै मध्यमानभन्दा कम

अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या २७ जना ५४ प्रतिशत रहेका छन् भने छात्रा विद्यार्थी सङ्ख्या २५ जना ५० प्रतिशत रहेका छन् । यसरी मध्यमानभन्दा कम अङ्क ल्याउने छात्र विद्यार्थीहरूभन्दा छात्रा विद्यार्थीहरूको सङ्ख्या २ जनाले घटी रहेको छ ।

यसरी मध्यमानभन्दा कम अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या २ जनाले बढी रहेका छन् भने मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रा विद्यार्थी सङ्ख्या पनि २ जनाले बढी रहेका छन् । तसर्थ उक्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययन छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता अति उत्तम रहेको पाइन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## सारांश

प्रस्तुत शोधकार्य कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा आधारित छ । प्रस्तुत अध्ययनमा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपहरूसँग सम्बन्धित विशिष्ट उद्देश्यहरू निर्धारण गरिएका छन् । जसमा लेखन सीपको महत्त्वपूर्ण भूमिका रहेको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु र लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् ।

यसरी उक्त उद्देश्यहरू प्राप्तिका लागि कञ्चनपुर जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । जसमा जम्मा १० वटा विद्यालयहरूलाई नमुनाका रूपमा छनोट गरी प्रत्येक विद्यालयबाट ५ जना छात्र र ५जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरू नमुना छनोटका रूपमा परेका छन् । यस क्रममा अध्ययनकर्ता प्रत्येक १० वटा विद्यालयहरूमा गई प्र.अ. तथा सम्बन्धित विषय शिक्षकको सहयोग लिई कक्षामा सम्भावनायुक्त नमुना छनोटको चिठ्ठा प्रणालीको प्रयोगद्वारा ५ छात्र ५ छात्राको छनोट गरिएको छ । उक्त छनोटमा परेका विद्यार्थीहरूलाई तयार पारिएको अनुच्छेद दिई बुँदाटिपोट गर्न लगाइएको छ । त्यसपछि प्राप्त उत्तरपुस्तिका भाषिक शुद्धता, मौलिकता, मूलभाव र क्रमबद्धताका आधारमा परीक्षण गरिएको छ । परीक्षणपश्चात् प्राप्त तथ्याङ्कलाई प्रतिशत, मध्यमान, मानक विचलनका आधारमा व्याख्या विश्लेषण गरी तालिका स्तम्भ रेखाचित्र र वृत्तचित्रमा समेत देखाई विश्लेषण गरिएको छ । यसरी विद्यार्थीहरूले प्राप्त गरेको अङ्क समग्रताका आधारमा, विद्यालय प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा समेत व्याख्या विश्लेषण गरिएको छ । यसरी उक्त तथ्याङ्कलाई प्रस्तुत शोधकार्यअन्तर्गत सातवटा शीर्षक तथा विभिन्न उपशीर्षकहरूमा राखिएको छ ।

यसरी कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न रहेको पाइयो । त्यस्तै विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको पाइयो । त्यसैगरी लैङ्गिकताका आधारमा छात्र विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति अतिउत्तम रहेको पाइयो । समग्रमा भन्नुपर्दा तुलनात्मक रूपमा विश्लेषण गर्दा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता घटबढ भएको भए तापनि समग्रताका आधारमा भने कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न स्तरको रहेको पाइयो ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनबाट प्राप्त निष्कर्षलाई यसप्रकार उल्लेख गरिएको छ :

- प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा रूपान्तरण गरी उक्त प्राप्ताङ्कलाई ४ श्रेणीमा विभाजन गरिएको छ ।
- समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्रतिशताङ्क हेर्दा न्यूनस्तर क्षमता ३९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४८ र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न नै रहेको पाइन्छ ।
- समग्रताकै आधारमा समग्र विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १९.६५ र मानक विचलन ८.८९ रहेको छ । जसमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५२ जना र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी ४८ जना रहेका छन् । जसअनुसार उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न स्तरको रहेको पाइन्छ ।
- समग्रमा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता समग्रताका आधारमा निम्न स्तरको रहेको पाइन्छ ।

- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोटमा न्यूनतम अङ्क ल्याउने ५४ प्रतिशत र अति उत्तम अङ्क ल्याउने २ प्रतिशत विद्यार्थी रहेका छन् ।
- त्यसैगरी मध्यमान र मानक विचलनका आधारमा मध्यमान १८.०८ र मानक विचलन ८.७६ रहेको छ जसमा मध्यमानभन्दा बढी ४६ प्रतिशत र मध्यमानभन्दा कम ५४ प्रतिशत विद्यार्थी रहेका छन् ।
- यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई केलाउँदा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमता निम्न स्तरको रहेको पाइन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशतका आधारमा बुँदाटिपोट क्षमता न्यूनतम ४२ प्रतिशत र उच्चतम ४ प्रतिशत रहेको पाइयो भने मध्यमानका आधारमा मध्यमान २१.२२ र मानक विचलन ८.७१ रहेको पाइयो । जसका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता मध्यम रहेको पाइन्छ ।
- त्यस्तै सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गरेर हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयको पठनपाठनमा भने एकरूपता नरहेको पाइयो ।
- लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूमा न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५६ प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या शून्य प्रतिशत रहेको पाइयो ।
- त्यस्तै छात्र विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान १८.१६ र मानक विचलन ७.७८ रहेको छ मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५४ प्रतिशत रहेको पाइयो । जसका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्न स्तरको रहेको पाइन्छ ।

- त्यसैगरी छात्राहरूले प्राप्त गरेको अङ्कका आधारमा न्यूनतम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४० प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ प्रतिशत रहेको पाइयो ।
- त्यस्तै छात्राहरूको प्राप्ताङ्कको मध्यमान २१.७४ र मानक विचलन ९.५० रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५० प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या पनि ५० प्रतिशत नै रहेको पाइन्छ ।
- उक्त तथ्याङ्कका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता उत्तम रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको बुँदाटिपोट क्षमता तुलनात्मक रूपमा केलाउँदा छात्र विद्यार्थीहरूभन्दा छात्राहरूको बुँदाटिपोट क्षमता अतिउत्तम रहेको पाइन्छ ।
- यसरी सम्पूर्ण आधारहरूलाई केलाउँदा कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता रहेको पाइएन ।

**उपयोगिता**

अनुसन्धान आफैँमा एक जटिल र चुनौतीपूर्ण कार्य हो । कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । प्रत्येक अनुसन्धानले नयाँ तथ्य पत्ता लगाउनुका साथै पुराना तथ्यहरूको परीक्षण, पुन परीक्षण तथा पुनर्व्याख्या समेत गर्दछ । यसले वस्तुपरक र वैज्ञानिक पद्धतिको प्रयोग गरी नवीनतम् कुराहरूको खोजी गर्ने भएकाले भाषिक क्षेत्रमा यसको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीपलाई महत्त्वपूर्ण अभिव्यक्ति सीपका रूपमा लिइन्छ । लेखाइ सीपबाट नै कुनै पनि लिखित अभिव्यक्तिको विकास हुने गर्दछ । बुँदाटिपोट पनि उक्त लेखाइ सीपअन्तर्गत पर्ने एक महत्त्वपूर्ण कार्यकलाप हो । बुँदाटिपोटले विद्यार्थीहरूको लेखन क्षमता विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता

अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्यमा अध्ययनको उपयोगितालाई नीतिगत र प्रयोगगत उपयोगिता गरी यसप्रकार उल्लेख गरिएको छ :

**नीतिगत उपयोगिता** : प्रस्तुत अध्ययनका नीतिगत उपयोगिताहरू निम्नानुसार रहेका छन् :

- पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रमविद् र सरोकारवालाहरूलाई विद्यार्थीको स्तर, क्षमता र आवश्यकताअनुसार पाठ्यक्रममा बुँदाटिपोट सम्बन्धी कार्यकलाप राख्न सहयोग पुऱ्याउँछ ।
- वर्तमान समयमा भाषा शिक्षणका लागि पाठ्यक्रम निर्माण र बुँदाटिपोट सम्बन्धी अध्ययन अनुसन्धानका लागि मार्गनिर्देशन प्रदान गर्दछ ।
- विद्यार्थीहरूमा भाषिक अभिव्यक्तिका साथै पढाइ र लेखाइ सीप विकास गर्दछ ।
- बुँदाटिपोटसम्बन्धी कमजोरी पहिचान गरी समाधान गर्न सहयोग पुऱ्याउँछ ।

**प्रयोगगत उपयोगिता** : प्रस्तुत अध्ययनका प्रयोगगत उपयोगिताहरू निम्नानुसार रहेका छन् :

- प्रस्तुत अध्ययनले विद्यालय तहमा बुँदाटिपोटसम्बन्धी कमीकमजोरी पत्ता लगाई निराकरण गर्न मार्गनिर्देशन गर्दछ ।
- विद्यार्थीहरूको बौद्धिक क्षमता विकास गरी व्यक्तित्व विकास गर्न सहयोग गर्दछ ।
- यस अध्ययनले विद्यार्थीको सिर्जनात्मक क्षमता, मौलिक क्षमता, दक्षता र भाषिक सीप विकासका साथै भाषिक संरचनामा प्रयोग गरिने लेख्य चिह्न, वर्णविन्यास, शुद्धता आदि क्षेत्रमा पनि सुधार गर्दछ ।
- प्रस्तुत अध्ययनले विद्यार्थीहरूलाई मुख्यगरी पढाइ र लेखाइ जस्ता भाषिक सीप विकासमा सघाउँछ ।

- विद्यार्थीलाई गहिरिएर पढ्ने मनन गर्ने र सारतत्त्व पत्ता लगाउने क्षमता विकास गराउँछ ।

**भावी शोधका शीर्षकहरू**

(क) कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

(ख) कक्षा आठमा अध्ययन विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

(ग) कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

## सन्दर्भसामग्री सूची


क्षेत्री, चित्रकुमारी (२०७२), *कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण सिद्धान्त र प्रयोग,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

खत्री, कमला (२०७६), *अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चन्द, आसिक (२०७४), *बाँके जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दुलाल, इन्दिरा (२०७५), *इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पनेरु, अन्तिमा (२०७५), *नवलपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पराजुली, हरिप्रसाद र श्रेष्ठ, तुलसीराम (२०६४), *अनिवार्य नेपाली,* काठमाडौँ : सौगात बुक्स ।

पुन, पुष्पा (२०७३), *रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, सीता (२०७५), *झापा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

मरासिनी, प्रदीप (२०७५), *अर्घाखाँची जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

मादेन, ललिता (२०७५), *धनकुटा जिल्लाका कक्षा दशमा अध्ययन विद्यार्थीहरूको बुँदाटिपोट क्षमता,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, मनिला (२०७३), *इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

वि.क., दिलमाया (२०७४), *प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०६३), *शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य,* काठमाडौँ : नवीन प्रकाशन ।

## परिशिष्ट (क)

## नमुना छनोटमा परेका विद्यालय तथा विद्यार्थीहरूको नामावली

सामुदायिक विद्यालय

१. श्री शान्ति निकेतन माध्यमिक विद्यालय, भी.न.पा. ६, ऐठपुर, कञ्चनपुर

२. श्री त्रिभुवन मा.वि., भी.न.पा.-८, तिलाचौर, कञ्चनपुर

३. श्री भृकुटी मा.वि., भीमदत्तनगर, कञ्चनपुर

४. श्री महेश्वर मा.वि., भीमदत्तनगर, कञ्चनपुर

५. श्री वैजनाथ मा.वि., भीमदत्तनगर, कञ्चनपुर

संस्थागत विद्यालय

१. शान इन्टरनेसनल स्कुल, भी.न.पा. ६, ऐठपुर, कञ्चनपुर

२. श्री राष्ट्रिय बालविद्यालय भी.न.पा. ४, कञ्चनपुर

३. सार्क एजुकेसन फाउन्डेसन, भी.न.पा., कञ्चनपुर

४. लिटिल स्टार सेकेन्डरी स्कुल, भी.न.पा., कञ्चनपुर

५. युनाइटेड पब्लिक सेकेण्डरी स्कुल, भी.न.पा., कञ्चनपुर

## परिशिष्ट (ख)

## नमुना छनोटमा परेका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्कको सूची

सामुदायिक विद्यालयतर्फ

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १. | अशोक सिंह धामी | १० | २० |
| २. | भुवन जोशी | १५ | ३० |
| ३. | पुजा भट्ट | १२ | २४ |
| ४. | मनोज धामी | २ | ४ |
| ५. | मोनिका धामी | १६ | ३२ |
| ६. | विपना वि.क. | २५ | ५० |
| ७. | दिया चन्द | २१ | ४२ |
| ८. | मुकेश चन्द | ३० | ६० |
| ९. | रोशन राना | १३ | २६ |
| १०. | गौरव देउवा | १० | २० |
| ११. | दिप्तिमा ठकुराठी | ११ | २२ |
| १२. | निराजन राना | १४ | २८ |
| १३. | रितु खत्री | १० | २० |
| १४. | सुस्मिता रोकाया | २७ | ५४ |
| १५. | केशव धामी | १६ | ३२ |
| १६. | रेखा चौहान | २७ | ५४ |
| १७. | पुस्कर भट्ट | २६ | ५२ |

| | | | |
|---|---|---|---|
| १८. | लोकराज चुनारा | २० | ४० |
| १९. | राजेन्द्र नाथ | ३१ | ६२ |
| २०. | राधिका रौले | १० | २० |
| २१. | राकेश साही | १३ | २६ |
| २२. | सिर्जना बुढा | १४ | २८ |
| २३. | सोनु नेपाली | ६ | १२ |
| २४. | अमित विसी | १५ | ३० |
| २५. | करुणा चन्द | २९ | ५८ |
| २६. | धनजित विष्ट | २० | ४० |
| २७. | मनिसा सार्की | १८ | ३६ |
| २८. | सविना उखेडा | १४ | २८ |
| २९. | नवराज ठगुन्ना | १७ | ३४ |
| ३०. | सन्दिपकुमार औजी | २० | ४० |
| ३१. | दिनेश चन्द | १५ | ३० |
| ३२. | पुजा चन्द | १० | २० |
| ३३. | प्रकाश पाण्डेय | १० | २० |
| ३४. | सिरोपति भट्ट | २० | ४० |
| ३५. | पुजा भट्ट | २० | ४० |
| ३६. | आसिका भट्ट | १२ | २४ |
| ३७. | गरिमा लेखक | ३५ | ७० |
| ३८. | नवीन जोशी | ५ | १० |

| | | | |
|---|---|---|---|
| ३९. | पूर्णिमा जोशी | ३५ | ७० |
| ४०. | गायत्री पराल | ३५ | ७० |
| ४१. | ध्रुव सुनार | ३४ | ६८ |
| ४२. | कलाकुमारी उपाध्याय | ४० | ८० |
| ४३. | अस्मिता चन्द | २२ | ४४ |
| ४४. | निर्मला सुनार | २५ | ५० |
| ४५. | कमल भट्ट | २७ | ५४ |
| ४६. | जस्मिन वि.क. | १५ | ३० |
| ४७. | मुकेश पन्त | ७ | १४ |
| ४८. | राजेन्द्र बोहरा | २१ | ४२ |
| ४९. | रामबहादुर चन्द | १० | २० |
| ५०. | सुस्मिता औजी | २४ | ४८ |

संस्थागत तर्फ

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| १. | मनिष पन्त | ३५ | ७० |
| २. | ओमप्रकाश भट्ट | २१ | ४२ |
| ३. | अपूर्वा लेखक | ४४ | ८८ |
| ४. | हिमशिखा भट्ट | १९ | ३८ |
| ५. | जेनिसा खाति | १७ | ३४ |
| ६. | दिपेन्द्र भट्ट | ३८ | ७६ |
| ७. | आयुभा जागरी | २० | ४० |
| ८. | साधना तिरुवा | ३० | ६० |
| ९. | प्रदिप नाब | २३ | ४६ |
| १०. | अवन्तिका देवल | २५ | ५० |
| ११. | रोशन जोशी | २३ | ४६ |
| १२. | निर्मला देउवा | ८ | १६ |
| १३. | पूर्णिमा भण्डारी | २६ | ५२ |
| १४. | विलियम फराल | २२ | ४४ |
| १५. | सपना भट्ट | ३२ | ६४ |
| १६. | महेश माली | १५ | ३० |
| १७. | मनिसा नेपाली | ७ | १४ |
| १८. | सन्ध्या जोशी | ३० | ६० |
| १९. | प्रविन साउद | २३ | ४६ |

| | | | |
|---|---|---|---|
| २०. | अंकित भट्ट | ९ | १८ |
| २१. | धिरेन्द्र विष्ट | १२ | २४ |
| २२. | शितल साउद | ११ | २२ |
| २३. | सुस्मिता न्यौपाने | १४ | २८ |
| २४. | गोविन्द उखेडा | १७ | ३४ |
| २५. | विक्रम वि.क. | १२ | २४ |
| २६. | रिंकु भण्डारी | २२ | ४४ |
| २७. | प्रोनिता पाण्डेय | २८ | ५६ |
| २८. | आयुस चन्द | २७ | ५४ |
| २९. | स्वस्तिका चौधरी | २५ | ५० |
| ३०. | कविराज भट्ट | ३१ | ६२ |
| ३१. | विसाल पन्त | १५ | ३० |
| ३२. | सन्ध्या डगौरा | १० | २० |
| ३३. | सोनिया महरा | २० | ४० |
| ३४. | झरना कुँवर | ३० | ६० |
| ३५. | सुरज बोगटी | १५ | ३० |
| ३६. | सुनिता भार | २४ | ४८ |
| ३७. | आस्था थापा | ४० | ८० |
| ३८. | भूपेश चन्द | १३ | २६ |
| ३९. | तृप्ति भट्ट | २२ | ४४ |
| ४०. | मनिषा रौले | ३८ | ७६ |

| | | | |
|---|---|---|---|
| ४१. | दिनेश साही | १० | २० |
| ४२. | श्लोक भट्ट | १५ | ३० |
| ४३. | प्रतीक साउद | १८ | ३६ |
| ४४. | सफल थापा | ११ | २२ |
| ४५. | पार्वती बोहरा | २० | ४० |
| ४६. | दिनेश भट्ट | १९ | ३८ |
| ४७. | सुनिता भट्ट | १२ | २४ |
| ४८. | रोहित बोहरा | २३ | ४६ |
| ४९. | मुहेशप्रसाद भट्ट | २० | ४० |
| ५०. | आशिष चन्द | २० | ४० |

## व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | अन्नु भट्ट |
| जन्ममिति | : | २०५१-०३-२२ |
| ठेगाना | : | भीमदत्त-६, कञ्चनपुर |
| बुवाको नाम | : | कृष्णानन्द भट्ट |
| आमाको नाम | : | सरस्वती देवी भट्ट |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८६८८७१०७७ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री शान्ति निकेतन उ.मा.वि., कञ्चनपुर | २०६६ | पास |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री शान्ति निकेतन उ.मा.वि., कञ्चनपुर | २०६९ | द्वितीय |
| स्नातक तह (बी.एड.) | सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, कञ्चनपुर | २०७३ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७७ | |